## सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

# स्थानीय राजपत्र

**खण्ड: ६** **संख्या :०९** **मिति: २०७९/०९/२४**


## भाग-२

## सानीभेरी गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

### व्यवसायिक कृषि उत्पादनका लागी जग्गा भाडा अनुदान उपलब्ध गराउने कार्यविधि ,२०७९

प्रस्तावाना: कृषि पेशालाई आधुनिक व्यवसायिक र मर्यादित बनाउदै देशको अर्थतन्त्रमा सुधार ल्याउनु आजको आवश्यकता रहेको छ ।जग्गा हुने कृषकले जग्गा बाँझो छोड्ने तथा नहुने कृषकले भाडामा लिई खेती गरिदै आएको अनेकौ उदाहरणहरु हाम्रो सामु छन । तसर्थ त्यस्ता जग्गा भाडामा लिई खेती गर्ने सानीभेरी गाँउपालिका भित्रका कृषकहरुको प्रोत्साहनका लागी सानीभेरी गाँउपालिका कृषि प्रबर्द्धन ऐन २०७७ को परिच्छेद ८ दफा २२ ले दिएको अधिकार प्रयोग गरी सानीभेरी गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ:

२. क) यस कार्यविधिको नाम व्यवसायिक कृषि उत्पादनका लागी जग्गा भाडा अनुदान उपलब्ध गराउने कार्यविधि २०७९ रहेको छ ।

ख) यो कार्यविधि सानीभेरी गाँउपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

सानीभेरी गाउँपालिका

# परिच्छेद २

## परिभाषा

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) गाउँपालिकाः भन्नाले सानीभेरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) अध्यक्षः भन्नाले सानीभेरी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) उपाध्यक्षः भन्नाले सानीभेरी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

घ) प्रमुख प्रशासकीय अधिकृतः सानीभेरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ङ) कार्यपालिकाः भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

छ) आर्थिक विकास समितिको संयोजकः भन्नाले गाउँपालिकाको विषयक्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समितिको संयोजक सम्झनुपर्दछ ।

ज) कृषि विकास शाखाः भन्नाले सानीभेरी गाउँपालिका अन्तर्गत कृषि विकास शाखा सम्झनु पर्दछ ।

झ) पशु सेवा शाखाः भन्नाले सानीभेरी गाउँपालिका अन्तर्गत पशु सेवा शाखा सम्झनु पर्दछ ।

ट) वडाः भन्नाले सानीभेरी गाउँपालिकाका सबै वडाहरुलाई सम्झनु पर्दछ ।

ट) छनौट समितिः भन्नाले परिच्छेद ४ को दफा ४ बमोजिमको ५ सदस्यीय समितिलाई बुझाउछ ।

ठ) जग्गा भाडा भन्नाले कृषक, कृषक समुह, कृषि फर्म, कृषि सहकारीले जग्गाधनिसँग सम्झौतामा उल्लेख भएको दर रकमलाई जनाउनेछ ।

ड) कृषक: भन्नाले आफ्नो वा जग्गा भाडामा लिई खेति गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

ढ) फर्म, समुह, सहकारी: भन्नाले विद्यमान नीति नियम अनुसार गाँउपालिकामा दर्ता भएको अधिकारिक सस्था सम्झनुपर्दछ ।

# परिच्छेद ३

## उद्देश्य

३) उद्देश्य:

क) कृषक समुह सहकारी फर्मलाई कृषि पेशामा आकर्षण बढाउने ।

ख) कृषकसँग स्थानिय सरकार सँगै भएको अनुभुति गराउने ।

ग) कृषि उत्पादन बढाई गाँउपालिका भित्र रोजगार श्रृजना गरि आयस्तरमा वृद्धि गर्ने ।

सानीभेरी गाउँपालिका

## परिच्छेद ४
## छनौट समिति

४) छनौट समितिको गठन: यस कार्यविधि अनुसारका प्रस्ताव छनौटका लागी तपशिल बमोजिमको छनौट समिति गठन गरिने छ ।

| | |
|---|---|
| १) प्रमुख प्रशासकीय अधिकृत | सयोजक |
| २) प्रशासन शाखा प्रमुख | सदस्य |
| ३) योजना शाखा प्रमुख | सदस्य |
| ४) पशु सेवा शाखा प्रमुख | सदस्य |
| ५) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

समितिको बैठकमा आवश्यकता अनुसार बढिमा ३ जना आमन्त्रण गर्न सकिनेछ र आमन्त्रित सदस्यहरुको भुमिका अन्य सदस्य सरह हुनेछ ।

५) छनौट समितिको काम कर्तव्य र अधिकार:

छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क) प्रकाशित सूचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकिकरण गर्ने ।

ख) लाभग्राहीको छनौट गर्ने ।

६) कार्यक्रम छनौट तथा मूल्याकनका आधारहरु:

क) कार्यक्रम छनौट तथा मूल्याङ्कनका आधारहरु अनुसुचि ३ बमोजिम हुनेछ ।

ख) अनुदान प्राप्त गर्न योग्य हुन कम्तिमा ५० अङ्क हासिल गर्नपर्नेछ ।

## परिच्छेद ५
## कार्यक्रम सचालन

७) सूचना प्रकाशन तथा प्रस्तावना अव्हान:

क) गाँउपालिकाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कम्तिमा १५ दिनको म्याद दिई अनुसूची १ बमोजिमको ढाचामा सूचना प्रकाशन गरि प्रस्ताव आव्हान गर्नेछ । सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागी गाँउपालिकाको वेवसाइटमा समेत सो सम्बन्धी सूचना प्रचार प्रसार गरिनेछ ।

ख) प्रस्ताव पेश गर्न इच्छुक कृषक कृषि फर्म समुह सहकारीले अनुसुचि २ अनुसारको निवेदन साथ प्रस्ताव पेश गर्नुपर्नेछ ।

८) प्रस्ताव मूल्याङ्कन:

क) अनुसुची २ बमोजिम पेश भएका प्रस्तावहरुको मुल्याङ्कन सम्बन्धीत कृषि प्राविधिकले अनुसुची ३ बमोजिमको ढाँचामा गर्नुपर्नेछ ।

९) भाडा उपलब्ध गराउन सकिने आधारहरु:

महोत्तरी गाउँपालिका

क) कृषक, कृषक समुह, सहकारी तथा फर्महरुले जग्गाधनीसँग नियमानुसार समेझौता गरेको हुनुपर्नेछ ।

ख) सम्झौता गरिएको जग्गा कम्तिमा तरकारीको हकमा २ रोपनी, फलफुलको हकमा ५ रोपनी, नर्सरीको हकमा १ रोपनी, मसला वालीको हकमा १ रोपनी, भुइ घाँस खेतीको हकमा २ रोपनी र डाले घाँस खेतीको हकमा ४ रोपनी हुनुपर्नेछ ।

ग) रित पुर्वक आएका निवेदनहरु दर्ता भइसकेपछि गाँउपालिकाबाट अनुगमन गरि जग्गाको प्रकृति हेरि वार्षिक सम्झौता भएको रकमको ५० प्रतिशत नियमानुसार करकट्टी गरि भाडा अनुदान उपलब्ध गराउन सक्नेछ ।

## ४. परिच्छेद ६

## विविध

१०) प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१०) बाधा अडकाउ फुकाउने: यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडकाउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

११) परिमार्जनः गाउँ कार्यपालिकाले यो कार्यविधि जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

सानीभेरी गाउँपालिका

अनुसुची १

सुचना प्रकाशनको ढाँचा

सानीभेरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सिम्ली रुकुम पश्चिम

विषयः

प्रथम पटक प्रकाशन गरिएको मितिः

सानीभेरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुकुम पश्चिमको आ.व. २०७९/०८० को स्वीकृत व्यवसायिक कृषि उत्पादनका लागी जग्गा भाडा अनुदान कार्यक्रम अनुसार इच्छुक कृषक, कृषि फर्म, कृषक समुह, कृषि सहकारीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा निम्न अनुसारका कागजात विवरण सहित अनुदानका लागि प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

आवश्यक सक्षिप्त कार्ययोजना तथा अन्य आवश्यक अनुसुचिहरु सानीभेरी गाँउपालिकाको website, सम्बन्धित शाखा र वडा कार्यालयबाट प्राप्त गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

आवश्यक कागजातहरु

१. रु.१० को हुलाक टिकट टाँस गरिएको अनुसुची २ बमोजिमको आवेदन पत्र

२. सम्बन्धित निकायमा कृषि तथा पशुपन्छी फर्म/समुह/सहकारी दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

३. वडा कार्यालयको सिफारिस पत्र ।

४. जग्गा भाडामा लिएको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि ।

५. तरकारी र मसलावालीको हकमा कम्तीमा ३ वर्षको सम्झौतानामा र फलफुलको हकमा १० वर्षको सम्झौतानामा पत्रको प्रतिलिपि ।

६. जग्गा भाडामा लिने र दिनेको नागरिकताको प्रतिलिपी ।

७. भाडामा लिएको जग्गाको साँध सधियारको सर्जमिन मुचुल्का ।

सानीभेरी गाउँपालिका

अनुसुचि २

जग्गा भाडामा लिई व्यसायिक खेती गर्ने कृषक, कृषक समुह, कृषि फर्म, र कृषि सहकारीहरुलाई जग्गा भाडामा अनुदान सहयोग कार्यक्रममा कृषकले कार्यालयमा पेश गर्ने आवेदन पत्रको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु
सानीभेरी गाउँपालिका रुकुम पश्चिम

विषयः जग्गा भाडामा लिए वापतको रकम उपलब्ध गराई पाउँ।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति .....................................गते प्रकाशन गरिएको सूचना अनुसार म/हाम्रो ..........................................ले विगत ........................................... सालदेखि जग्गा भाडामा लिई ........................................... खेती गर्दै आइरहेको हुनाले तपशिल अनुसारको कागजात सहित आवेदन पेश गरेको छु छौ।

निवेदक
नाम
ठेगाना
दस्तखत
मोवाइल न

तपशिलः

१.रु.१० को हुलाक टिकट टाँस गरिएको अनुसुची २ बमोजिमको आवेदन पत्र
२.सम्बन्धित निकायमा कृषि तथा पशुपन्छी फर्म/समुह/सहकारी दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
३. वडा कार्यालयको सिफारिस पत्र ।
४. जग्गा भाडामा लिएको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि ।
५. तरकारी र मसलावालीको हकमा कम्तीमा ३ वर्षको सम्झौतानामा र फलफुलको हकमा १० वर्षको सम्झौतानामा पत्रको प्रतिलिपि ।
६. जग्गा भाडामा लिने र दिनेको नागरिकताको प्रतिलिपी ।
७. भाडामा लिएको जग्गाको साँध सधियारको सर्जमिन मुचुल्का ।

सानीभेरी गाउँपालिका

अनुसुचि ३

दफा ६ सँग सम्बन्धित

| क स | कार्यक्रम छनौट तथा मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| १ | भौतिक पुर्वाधार सडक सिचाइ बजार | सुविधा भएको ३०<br>मध्यम सुविधा २०<br>न्युन सुविधा १० |
| २ | भौगोलिक अनुकुलता माटो हावापानी बाली | उपयूक्त जग्गाका लागी ३०<br>मध्यमका लागी २०<br>न्युनका लागी १० |
| ३ | कृषकको प्राविधिक क्षमता | तालिम प्रासका लागी २०<br>नभएकाका लागी १० |
| ४ | लक्षित वर्ग | सिमान्तकृत २०<br>दलित जनजाती एकल महिला १५<br>अन्य १० |

सानीभेरी गाँउपालिका

आज्ञाले

दिपक बुढाथोकी

प्रमुख प्रशासकीय अधिकृत